**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- .प्रधानमंत्री नरेन्द्र मोदी दुई दिनको आधिकारिक भ्रमणमा मलेशियामा हुनु हुन्छ ।**माइनस एग्जिबिशन एंड कन्वेंशन सेंटर** मा आयोजित प्रवासी भारतीय कार्यक्रमलाई संबोधित गर्नुहुदै श्री मोदीले प्रवासी समुदायलाई दुवै देशहरुको हृदय जोड़ने एक जीवंत सेतु बताउनु भएको छ ।

- 2.सेसेल्सका राष्ट्रपति प्याट्रिक हर्मिनी आफ्नी पत्नी वेरोनिक हर्मिनीको साथ पाँच दिने भ्रमणका लागि हिजो मुम्बई आइपुग्नु भएको छ।

- 3.गृह मंत्री अमित शाह हिजदेखि छत्तीसगढ़को तीन दिवसीय भ्रमणमा हुनु हुन्छ। आज, केंद्रीय गृह मंत्रीले रायपुरमा वामपंथी उग्रवादमाथि एक उच्च-स्तरीय सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ।

- 4.मेघालयको माइन्संगट थाङ्स्को क्षेत्रमा बारुदी सुरुङ विस्फोटपछि राहत र उद्धार कार्य जारी छ, हिज थप दुई जनाको शव फेला परेपछि मृत्यु हुनेको संख्या २७ पुगेको छ।
- 5.जापानमा संसदीय चुनावको स्नैप पोल अंतर्गत मतदान भइरहेको छ।
- 6.क्रिकेट मा हिज राति मुम्बईको वानखेड़े स्टेडीयम टी –२० विश्वकप क्रिकेटको तेस्रो खेलमा भारतले अमेरिकालाई २९ रनले पराजित गरेको छ।

**प्रधानमंत्री-मलेशिया यात्रा**

प्रधानमंत्री नरेन्द्र मोदी दुई दिनको आधिकारिक भ्रमणमा मलेशियामा हुनु हुन्छ ।उहाँले कुआलालंपुरको **माइनस एग्जिबिशन एंड कन्वेंशन सेंटर** मा हिज राति आयोजित प्रवासी भारतीय कार्यक्रममा भारतीय समुदायलाई संबोधित गर्नुभयो । श्री मोदीले लगभग 15 हजार मानिसहरुको सभालाई संबोधित गर्नु हुदै भारत र मलेशिया बीच प्रगाढ़ संबंधहरुको उल्लेख गर्नुभयो र प्रवासी समुदायलाई दोनों देशहरुको हृदय जोड़ने एक जीवंत सेतु बताउनु भयो।

**Byte**

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमसँगको आफ्नो पुरानो मित्रताको स्मरण गर्नु हुदै श्री मोदीले गत वर्षको आसियान शिखर सम्मेलनमा भाग लिन नसकेपछि आफूले मलेसिया भ्रमण गर्ने वाचा गरेको कुरा भन्नुभयो, जुन अहिले पूरा भएको उहाँले बताउनु भयो। श्री मोदीले भारत र मलेसियाले सन् २०२४ सम्ममा आफ्नो सम्बन्धलाई व्यापक रणनीतिक साझेदारीको स्तरमा पुर् याएको उल्लेख गर्नुभयो र भन्नुभयो कि दुई देशहरू सद्भावका साथ अगाडि बढिरहेका छन् र एक अर्काको सफलताको उत्सव मनाइरहेका छन्| उहाँले भन्नु भयो कि भारतको विकासले मलेशिया र एशियाको प्रगतिमा पनि भी योगदान दिईरहेको छ।

**Byte**

श्री मोदीले आर्थिक सहयोगमाथि जोर दिदै भन्नु भयो कि एक सय भन्दा अधिक भारतीय आई.टी. कंपनिहरु मलेशियामा काम गरिरहेका छन् , जसबाट हजारौ संख्यामा रोजगार सृजित भइरहेको छ। यस अवसरमा उहाँले घोषणा गर्नु भयो कि भारतको डिजिटल भुगतान मंच-यूपीआई चाडै मलेशियामा लॉन्च गरिनेछ।

प्रवासी भारतीय समुदायका लागि प्रमुख पहलहरूको घोषणा गर्नु हुदै प्रधान मन्त्रीले भन्नुभयो, प्रवासी भारतीय नागरिक कार्डको सुविधा छैटौं पुस्तासम्म विस्तार गरिएको छ। उहाँले भारतमा अध्ययन गर्ने विद्यार्थीका लागि तिरुवल्लुवर छात्रवृत्ति सुरु गरिने र

मलेसियामा नयाँ भारतीय वाणिज्य दूतावास खोल्ने पनि घोषणा गर्नु भयो। श्री मोदीले भन्नुभयो, भारतीय डायस्पोरा क्वालालम्पुर वा कोलकातामा जन्मेका हुन्, भारत उनीहरूको हृदयमा बसिरहेको छ। उहँले समृद्ध मलेसिया र विकसित भारतको सपना साकार पार्न डायस्पोराले पुर्याएको योगदानको पनि सराहना गर्नु भयो ।

## उप-राष्ट्रपति-पीएम मलेशिया यात्रा

उपराष्ट्रपति सी. पी राधाकृष्णनले भन्नु भएको छ मलेसियाको राजधानी क्वालालम्पुरमा प्रधानमन्त्री नरेन्द्र मोदीको प्रवासी समुदायलाई सम्बोधनले दुई देशबीचको गहिरो ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई प्रतिबिम्बित गरेको छ। एक सामाजिक सञ्जाल पोस्टमा उहाले मलेसियामा प्रवासी समुदायले दुई देशबीच जीवित पुलको रूपमा महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभएको छ। उपराष्ट्रपतिले तमिल सम्पदाको सम्मानको प्रधानमन्त्रीको अभिव्यक्तिको प्रशंसा र तिरुवल्लुवर केन्द्रको स्थापनाको घोषणाको स्वागत गर्नु हुदै , यसले आफ्नो सभ्यतागत सम्पदाको प्रवर्द्धनका लागि भारतको दृढ प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ भन्नु भयो। श्री राधाकृष्णनले यस्ता पहलहरूले सांस्कृतिक सम्बन्धहरूलाई बलियो बनाउनुका साथै हाम्रो समृद्ध सम्पदालाई विश्वव्यापी रूपमा फैलाउने छ भन्नु भयो।

## सेशेल्स राष्ट्रपति दौरा

सेसेल्सका राष्ट्रपति प्याट्रिक हर्मिनी आफ्नी पत्नी वेरोनिक हर्मिनीको साथ पाँच दिने भ्रमणका लागि हिजो मुम्बई आइपुग्नु भएको छ। उहाँले केन्द्रीय बन्दरगाह, जहाजरानी र जलमार्ग मन्त्री सर्वानन्द सोनोवालसित भेट गर्नु भयो र भारतीय उद्योग परिसंघ (सीआईआई) द्वारा आयोजित भारत-सेसेल्स व्यापार गोलमेच सम्मेलनमा भाग लिनुभयो।यस अवसरमा राष्ट्रपति हर्मिनीले भन्नु भयो कि पछिल्लो 50 वर्षहरुमा दुई देशहरु बीच संबंध बलियो भएको छ तथा उहाँ यस सहयोगलाई बढाउनका लागि तत्पर छन्। उहाँले भन्नु भयो कि उहाँको देशले भारतलाई विश्वको चौथो ठूलो अर्थतन्त्रको रूपमा सम्मान गर्दछ |
यस अवसरमा बोल्नु हुदै केन्द्रीय मन्त्री सर्वानन्द सोनोवालले भन्नुभयो, दुई देशबीच मानिस -मानिसबीचको सम्बन्ध र सामुद्रिक सम्बन्धहरूमा आधारित विश्वासिलो साझेदारी छ, जुन स्वास्थ्य सेवा, शिक्षा, समुद्री सुरक्षा र विपद् राहतमा सहयोगसम्म विस्तारित छ। उहाँले भन्नुभयो, दुई देशहरूबीच बढ्दो व्यापार, भारतीय लगानी, मुम्बई-माहे र भारतको बन्दरगाह नेतृत्वमा विकास पहलहरूबीच सिधा सम्पर्कले आर्थिक र रणनीतिक सहयोगका लागि नयाँ अवसरहरू सिर्जना गरिरहेको छ।
सम्मेलनमा सेशेल्सका विदेश र प्रवासी मामिलाहरुका मंत्री बैरी फॉरे तथा वित्त, आर्थिक योजना, व्यापार र निवेश मंत्री पियरे लापोर्टे पनि दुई देशहरुको उद्यमिहरुको साथ उपस्थित रहेका थिए।

## C'GARH-अमित शाह

गृह मंत्री अमित शाह हिजदेखि छत्तीसगढ़को तीन दिवसीय भ्रमणमा हुनु हुन्छ। आफ्नो भ्रमणको अवधि , श्री शाहले राज्यमा आंतरिक सुरक्षा र विकाससित संबंधित विभिन्न कार्यक्रमहरुमा भाग लिनु हुनेछ।
आज, केंद्रीय गृह मंत्रीले रायपुरमा वामपंथी उग्रवादमाथि एक उच्च-स्तरीय सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ। केंद्र र राज्य सरकारहरुका वरिष्ठ अधिकारी, साथै सुरक्षा एजेंसिहरुका प्रतिनिधि पनि इस बैठकमा शामेल हुनेछन। पछि , श्री शाह मुख्य अतिथिको रुपमा "छत्तीसगढ़ @ 25: शिफ्टिंग द लेंस" शीर्षकको राष्ट्रीय सम्मेलनमा सहभागी हुनु हुनेछ। यसै बीच, 9 फरवरी मा श्री शाहले जगदलपुरमा बस्तर पंडुम उत्सवको समापन समारोहमा सहभागिता जनाउनु हुनेछ।

## गोयल- भारत अमरीका संवाददाता सम्मेलन

वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले भन्नुभयो, भारत-अमेरिका अन्तरिम व्यापार सम्झौता निष्पक्ष, न्यायसंगत र सन्तुलित छ र यसले किसानहरूको हितको रक्षा सुनिश्चित गर्दछ।उहाँले भन्नु भयो , 'भारतमा पर्याप्त मात्रामा गहुँ, चामल, चिनी, कृषि र भटमास र कुखुरा लगायत दुधजन्य पदार्थहरू छन्, जसलाई करमा छुट दिइएको छैन। श्री गोयलले भन्नुभयो, यस सम्झौताको उद्देश्य निर्यातलाई बढावा दिनु, रोजगारी सिर्जना गर्नु र देशलाई २०४७ को विकसित भारतको लक्ष्यतर्फ लैजानु हो।
हिजो नयाँ दिल्लीमा भारत-अमेरिका संयुक्त वक्तव्यको बारेमा संवाददाताहरूलाई जानकारी दिनु हुदै श्री गोयलले

भन्नुभयो, सम्झौता अन्तर्गत भारतीय निर्यातमा पारस्परिक शुल्क पहिले ५० प्रतिशतबाट घटाएर अहिले १८ प्रतिशत बनाइएको छ।

**मेघालय-ब्लास्ट**

मेघालयको माइन्संगट थाङ्स्को क्षेत्रमा बारुदी सुरुङ विस्फोटपछि राहत र उद्धार कार्य जारी छ, जसमा एनडीआरएफ, एसडीआरएफ, विशेष उद्धार टोली (एसआरटी), पुलिस र जिल्ला प्रशासनको टोली जुटेका छन्। थप दुई जनाको शव फेला परेपछि मृत्यु हुनेको संख्या २७ पुगेको छ। प्रभावित खानी साइटहरूको राम्ररी खोजी गरिएको थियो, र पूर्ण कभरेज सुनिश्चित गर्न आज अपरेशनहरू पुनः सुरु हुनेछन्। पूर्वी जयंतिया हिल्स जिल्लाका जिला प्रशासनले अवैध खनन विरुद्ध अभियान तिब्र गरेका छन् ,जसमा कार्यकारी मजिस्ट्रेट, पुलिस र खनिज संसाधन निदेशालय (DMR) का अधिकारिहरुको 5 (पांच) टीमहरु तैनात गरिएको छ। यी अभियानहरुको अवधि , उमलावांगको 9 स्थानहरुबाट लगभग 3197 मीट्रिक टन कोयला र उमथे अन्तर्गत 4 स्थानहरुबाट लगभग 351 मीट्रिक टन कोयला जब्त गरिएको छ। 6 फरवरी 2026 मा गरिएको यस्तै एक अभियानमा , सखैन-थांगस्को सड़कको 8 स्थानहरुबाट 3,356 मीट्रिक टन (लगभग) कोयला, औजारहरु र उपकरणहरु जब्त गरिएको थियो। यसबाहेक, अवैध खनन गतिविधिहरूको सम्बन्धमा प्रयोग गरिएका अस्थायी शिविरहरू पहिचान गरिएको छ र अवैध खनन रोकथाम कार्यको क्रममा भत्काइएको छ। रिपोर्ट गरिएको अवैध खनन गतिविधिहरूको बारेमा एफआईआर दर्ता गरिएको छ, र थप कानुनी कारबाही जारी छ। सार्वजनिक सुरक्षा सुनिश्चित गर्न र चलिरहेको कार्यलाई सहज बनाउनका लागि पूर्वी जयन्तिया हिल्स जिल्लाका जिल्ला मजिस्ट्रेटले धारा १६३ बीएनएसएस अन्तर्गत निषेधाज्ञा जारी गरेका गरिएको छ।

**आरएसएस-उत्सव**

राष्ट्रीय स्वयंसेवक संघ (आरएसएस) ले हिज मुंबईमा आफ्नो शताब्दी वर्ष (स्थापना वर्ष) समारोहको एक हिस्साको रुपमा दुई दिवसीय व्याख्यान श्रृंखलाको शुरूआत गरे , जुन संगठनको स्थापनाको सय बर्ष पुरा भएको उपलक्ष्यमा आयोजित गरिएको थियो। व्याख्यान श्रृंखलाका आयोजकहरूले जानकारी दिए अनुसार "संघ यात्राको १०० वर्ष - नयाँ क्षितिज" शीर्षकको कार्यक्रम नेहरू सेन्टर अडिटोरियम, वर्लीमा आयोजित भइरहेको छ र यसमा विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहनेछन् । सभालाई सम्बोधन गर्दै राष्ट्रिय स्वयंसेवक संघ संघले सत्ता र लोकप्रियता नचाहेको बताउँदै सामाजिक कार्य, अनुशासन र चरित्र निर्माणबाट राष्ट्र निर्माणमा प्रतिबद्ध रहेको बताएका छन् । व्याख्यान श्रृंखला संगठनको यात्रा र भविष्यको दिशालाई प्रतिबिम्बित गर्ने उद्देश्यका साथ देशभरि आयोजना भइरहेको राष्ट्रव्यापी शताब्दी समारोहको एक हिस्सा हो।

**जापान चुनाव**

जापानमा संसदीय चुनावको स्नैप पोल अंतर्गत मतदान भइरहेको छ। **सनाए ताकाइची** ले सांसदद्वारा उहाँलाई प्रधानमंत्री निर्वाचित गरेको केहि महीनाहरुपछि जनादेश प्राप्त गर्नका लागि चुनाव गर्ने फैसला गरेका हुन। प्रधानमंत्री **ताकाइची** को लिबरल डेमोक्रेटिक पार्टी र जापान इनोवेशन पार्टीको गठबंधनले यदि 310 सीटहरु जीतछन् भने तब उहाँले विपक्षको नियंत्रणभएको संसदको माथिल्लो सदनमा बहुमत प्राप्त गर्न सक्नेछन। ताकेइचीले बहुमत नपाए पद छोड्ने वाचा गर्नु भएको छ।

एक सप्ताहअघिसम्म लगभग 46 लाख मानिसहरुले प्रारंभिक मतदान गरेका थिए,जुन 2024 को पछिल्लो चुनावको तुलनामा साढे दुई प्रतिशत कम हो। मतदानमा गिरावटको कारण उत्तरी र पश्चिमी क्षेत्रहरुमा भारी हिमपात बताइएको छ। मतदाताहरुले 289 एकल-सीट निर्वाचन क्षेत्रहरुमा सांसदहरुको चुनाव गर्नेछन , शेष सीटहरुको निर्णय पार्टिहरुको लागि आनुपातिक प्रतिनिधित्व मतदान द्वारा गरिनेछ।

**भारत बनाम अमेरिका T20 क्रिकेट परिणाम**

क्रिकेट मा हिज राति मुम्बईको वानखेड़े स्टेडीयम टी –२० विश्वकप क्रिकेटको तेस्रो खेलमा भारतले अमेरिकालाई २९ रनले पराजित गरेको छ। भारतले दिएको १६२ रनको लक्ष्य पछयाएको अमेरिकी टोलीले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १३२ रन मात्र बनाउन सक्यो। अमेरिकाका लागि शुभम रञ्जन र सञ्जय

कृष्णमूर्तिले समान ३७ –३७ रन बनाए। बलिङतर्फ भारतका मोहम्मद सिराजले ३ विकेट लिए भने अर्शदीप सिंहले २ विकेट लिए।

यसअघि अमेरिकाले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो। कप्तान सूर्यकुमार यादवले अविजित ८४ तिलक बर्माले २५ र इशान किशनले २० रन बनाए। बलिङतर्फ अमेरिकाका शाड्ले भान शाल्कविकले ४ विकेट लिए। खेलको प्लेयर अफ दि म्याच सूर्यकुमार यादव घोषित गरियो । कोलकाताको इडेन गार्डेनमा भएको दोस्रो खेलमा वेस्ट इन्डिजले स्कटल्यान्डलाई ३५ रनले पराजित गरेको छ ।

आज तीन खेलहरू खेलिने छन्। विश्वकप क्रिकेटको चौथो खेलमा न्युजिल्याण्ड र अफगानिस्तान भिड्ने छन्। खेल स्थानीय समयअनुसार बिहान ११ बजे सुरु हुनेछ। पाँचौ खेलमा नेपाल आज मुम्बईको वानखेडे स्टेडियममा इंगलैंड संग खेल्नेछ। खेल स्थानीय समयअनुसार ३ बजे सुरु हुनेछ। कोलम्बोस्थित आर प्रेमदसा स्टेडियममा श्रीलंका र आयरल्यान्ड बीचको छैटौं खेल हुँनेछ। खेल स्थानीय समयअनुसार साँझ ७ बजे सुरु हुनेछ।

-